बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**

# हेटौंडा अस्पताल

हेटौंडा,नेपाल

पत्र संख्याः २०८२/०८३

च.नः

## बिषयः जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४)

यस हेटौंडा अस्पतालमा तपसिल बमोजिमका फर्निचर औजार उपकरण, पुराना जिन्सी सर सामान जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बोलपत्र माध्यम द्वारा एकमुष्ट १-८७ आईटम लिलाम बिक्रि गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक नेपाली नागरिकता भएको व्यक्ति, रजिष्टर भएको फर्म वा कम्पनिले निम्न शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले एक दिन अघावै (२०८३/०१/०८ गते कार्यालय समय भित्र ) बोलपत्र दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

क. इच्छुक व्यक्ति वा फर्म हरुले नागरिकता वा कम्पनि दर्ताको कपि संलग्न राखी लेखा शाखा बाट आवश्यक जानकारी लिन तथा दस्तुर रु १,०००.०० तिरी फारम खरिद गर्न सकिने छ ।

ख. लिलाम जन्य वस्तुहरुको एकमुष्ट न्युनतम मूल्य रु ४,६३,६६०.००(अक्षरेपी चार लाख त्रिसठ्ठी हजार छ सय साठ्ठी मात्र ) कायम गरिएको छ ।

ग. बोलपत्र पेश गर्ने मिति तथा धरौटी : मिति २०८३/०१/०८ गते कार्यालय समय भित्र पेश गर्नु पर्ने छ र बोलपत्रमा उल्लेख गरिएको रकमको दश प्रतिशत बराबरको हुन आउने रकमको सक्कल बैंक भौचर बोलपत्रमै समावेश हुनुपर्ने छ । धरौटी खाता न.लेखा शाखा बाट लिन सकिने छ ।

घ. बोलपत्र खोल्ने समय र स्थानः २०८३/०१/०९ दिनको १:०० बजे हेटौंडा अस्पतालको सभाहल ।

ङ. लिलाम सकार गर्नेले सम्झौता भएको मितिले सात दिन भित्र उठाई लैजानु पर्ने छ । यदि नउठाएमा निजको राखेको धरौटी जफत हुनेछ ।

च. लिलाम हुने मालासामान हेर्न चाहनेहरुले दिउसो २ देखि ४ बजे सम्ममा स्टोर शाखामा सम्पर्क राखी हेर्न सक्नुहुनेछ ।

छ. लिलामपछिको सम्पूर्ण आर्थिक दायित्व लिलाम सकार गर्नेलेनै व्यहोर्नु पर्ने हुनेछ, कार्यालयले व्यहोर्ने छैन ।

ज. अन्यकुरा हरु प्रचलित कानुनमा तोके बमोजिम हुनेछ ।

इमेलः hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np, वेबसाइटः https//:www.hetaudahospital.gov.np

फोन नं-०५७ . ५२३७९८,५२०३०५